# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
**Secretariat of Federal Council**

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय

मिति : २०७३ पौष २८

**सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल ज्यू,**
**प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय**
**सिंहदरवार, काठमाडौं ।**

**विषय : ज्ञापन पत्र ।**

**सम्माननीय प्रधानमन्त्री ज्यू,**

नेपालको सविधानको विभिन्न धारा र उपधाराहरुमा,सवाल, अधिकार र चाहाना मुखरित नभएको तथा आदिवासी जनजाति संविधान निर्माणको विषयमा नेपाल सरकारसँग भएका विभिन्न समझौतासमेत उल्लंघन भएका कारण नेपाल आदिवासी जनजाति महासंघले असहमति जनाई आन्दोलनरत रहेको विदितै छ । संविधान तथा संविधान लेखनमा भएको त्रुटीलाई दृष्टिगत गरी नेपाल सरकारबाट संविधान संशोधनको प्रस्ताव व्यवस्थापिका संसदमा दर्ता गर्नु आफैमा राम्रो कार्य हो । सम्माननीय प्रधानमन्त्री ज्यूबाट आदिवासी जनजातिहरुको अधिकार सम्बोधन भएमा राष्ट्रिय एकता सुदृढ हुने कुरा विभिन्न अवसरमा व्यक्त भइ आएको छ त्यसमा महासँघ धन्यबाद व्यक्त गर्दछ । यी कुराहरुका बावजुद, उक्त प्रस्तावमा नेपालका आदिवासी जनजातिहरुको अधिकार, सवाल, चाहना र मागका विषयहरु नपरेको देखिदा महासंघको गम्भीर ध्यानकार्षण भएको छ ।

संविधान संशोधनको सन्दर्भमा, मुलुकको ३८ प्रतिशत जनसंख्या रहेका आदिवासी जनजातिका विषय सही ढंगले सम्बोधन गर्नु र प्रक्रियामा आदिवासीहरुलाई संलग्न गर्नु संविधानको स्वीकार्यता र स्वमित्वको लागि अपरिहार्य छन् । हालको संशोधन प्रस्तावमा यी दुवै कुरालाई मध्यनजर नगरिएको हाम्रो ठहर छ । तसर्थ, प्रक्रियामा आदिवासीहरुको सहभागिता तथा संलग्नतालाई ध्यान दिदै, संविधान संशोधनको प्रस्ताव परिमार्जनसहित पारित गरियोस् भनी यसै ध्यानाकर्षण पत्र मार्फत सम्माननीय प्रधानमन्त्री ज्यूको ध्यानाकर्षण गर्दछौं ।

**संविधान संशोधन प्रक्रिया**

संविधान संशोधनको प्रस्तावका विषयहरुमा आदिवासी जनजातिहरुसँग अविलम्ब छलफल गरि हाम्रा मुद्धाहरु समावेश गरियोस् । त्यसमा आदिवासी जनजाति महासंघले व्यवहारिक ढंगले नेपाल सरकारलाई सहयोग गर्नेछ । यसवाट नेपाल पक्ष रहेको अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ र आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७ को समेतको पालना भई संविधान तथा राज्य मानव अधिकार मैत्री छ भन्ने विश्व समुदायमा संदेश जानेछ ।

यस प्रक्रियाले संविधानमा आदिवासीको पर्नपर्ने विषय नछुट्ने, संविधानको स्वीकार्यता तथा स्वामित्व कायम भई मुलुकको एकता, शान्ति र विकास सुदृढ हुनेछ ।

**संविधान संशोधन प्रस्ताव परिमार्जन गर्नुपर्ने आदिवासी जनजातिहरुको एजेण्डाहरु**

१. अन्तरिम संविधानको धारा १३८(१)[क] मा संस्थागत गरिएको व्यवस्था तथा पहिलो संविधानसभाको राजनीतिक सहमति अनुसार राज्यको पुनसंरचना गर्दा पहिचानलाई मुख्य आधार र सामार्थ्यलाई सहायक आधारमा, आयोगले गरेको

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

सिफारिसमेत, नेपालको संविधानले राज्यको पुनसंरचना गर्दा सो अनुरुप नगरेकोले पहिलो संविधानसभाको राजनीतिक सहमति अनुसार पहिचान, स्वायत्तता र स्वशासन सहितको संरचना रहनेगरी संशोधन गरियोस् ।

२. नेपालका आदिवासी जनजातिहरुको मूख्य माग पहिचान भएकोले प्रदेश, स्थानीय तह, विशेष, संरक्षित र स्वायत्त क्षेत्रको नामाङकन गर्दा आदिवासी जनजातिहरुको ऐतिहासिक थातथलो, भाषिक, सांस्कृतिक पहिचानको आधारमा गरियोस् ।

३. जातीय जनसंख्याको आधारमा पुर्ण समानुपातिक निर्वाचन प्रणालीलाई मुख्य आधार मानी नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ बीच २०६४ साउन २२ गते २० वुँदे र २०६९ जेठ ०९ गते भएको ९ वुँदे सम्झौता अनुसार मिश्रित निर्वाचन प्रणालीमा ६० प्रतिशत समानुपातिक र ४० प्रतिशत प्रत्यक्ष प्रतिनिधित्व हुने निर्वाचन प्रणालीलाई संवैधानिक सुनिश्चितता गरियोस् ।

४. संविधानको धारा ८८ र धारा १५६ मा समानुपातिक उम्मेदवारको वन्दसूचीवाट निर्वाचित प्रतिनिधि छान्दा पहिलो हुने निर्वाचित हुने पद्धतिवाट जनसंख्याको अनुपातमा प्रतिनिधित्व भइसकेको जातजातिवाट नभई त्यसमा निर्वाचित नभएकाहरुलाई न्युनतम एक जाति एक प्रतिनिधित्व सुनिश्चित गर्न पहिलो प्राथामिकता र निर्वाचित भएपनि जनसंख्याको अनुपातमा कम निर्वाचित भएको समुदायलाई दोश्रो प्राथामिकतामा राख्ने व्यवस्था थप गरियोस् ।

५. नेपालको सविधानको मौलिक हकमा आदिवासी जनजाति हकलाई छुट्टै धारामा व्यवस्थित गरियोस् । उक्त धारामा देहायका अधिकारहरु सुनिश्चित गरियोस् ।

६. आदिवासीहरुलाई प्रभावित पार्ने ऐन, नीति, योजना कार्यक्रमहरुमा अर्थपुर्ण सहभागिताको संयन्त्र र सोही संयन्त्रमार्फत अग्रिम सुसूचित स्वतन्त्र कार्यान्वयन गर्ने कुरा सुनिश्चित गरियोस् ।

७. आदिवासी जनजातिहरुलाई हरेक तहको निर्वाचित संस्थाको अतिरिक्त राज्यका सवै अंग, निकाय, तह र कुटनीतिक नियुक्तिहरुमा जनसंख्याको अनुपातमा समानुपातिक र समावेशी प्रतिनिधित्वको हक हुनुपर्ने ।

८. आदिवासी जनजाति आयोगको नाम संशोधन गरी राष्ट्रिय आदिवासी जनजाति आयोग बनाइयोस् र आयोग स्वतन्त्र, राष्ट्रिय मानव अधिकार आयोग सरह रहने गरी गठनविधि, काम, कर्तव्य र अधिकारलाई संविधानमा नै व्यवस्था गरियोस् ।

९. नेपालको कुनै एक धर्म र एकल जातीय पहिचानका आधारमा राष्ट्रिय चिन्हहरु तोकिएको हुँदा सो लाई हटाई विविधता देखाउने राष्ट्रिय प्रतिक कायम गरियोस् । राष्ट्रिय जनवर गाईको सट्टा एक सिङ्गे गैडा राखियोस् ।

१०. प्रदेश, स्थानीय तहमा आदिवासी जनजातिहरुको प्रतिनिधित्वको सुनिश्चित संविधानद्वारा नै ग्यारेण्टी गरियोस् ।

११. संविधानको विभिन्न धारामा आदिवासी जनजाति भनिएकोमा सो समुदाय भित्रको जातिहरुलाई संविधानको अनुसूचिमा सुचिकृत गरियोस् ।

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
## Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

१२. संविधान संशोधन प्रस्तावमा भाषा सम्बन्धी महलमा भाषाको आधारमा विभेदको अन्त्य गर्न धारा ७ उपधारा २ संशोधन प्रस्ताव आएकोमा सो हटाई धारा ७ उपधारा १ मा संशोधन गरी नेपालमा बोलिने मातृभाषालाई संविधानमा सुचिकृत गरी सरकारी काम काजमा प्रयोग गर्ननपाउने बन्देज संशोधन गरियोस् ।

१३. आदिवासी जनजातिहरुलाई आफ्नो ऐतिहासिक थातथलोमा आत्मानिर्णयको अधिकार सहित प्राकृतिक श्रोत साधनमा सामुहिक अधिकार हुनुपर्ने ।

१४. लोकतन्त्र र मानव अधिकारसँग नवाझिने आदिवासी जनजातिको प्रथाजनित कानुनलाई अन्य कानुन सरह मान्यता दिनुपर्ने ।

१५.मातृ भाषामा शिक्षा र सुचनाको हक सबैधानिक रुपमा सुनिश्चित गर्नुपर्ने ।

१६. नेपालको जनसंख्याको १% भन्दा वढी जनताले वोल्ने भाषालाई संघीय सरकारको सरकारी कामकाजको भाषा र १% भन्दा कम जनताले वोल्ने भाषालाई उनीहरुको वसोवासको समुदायगत सघनताको आधारमा प्रदेश, स्थानीय तह, विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्रमा सरकारी कामकाजको भाषा हुनुपर्ने ।

१७. संविधानको भाग १ धारा ४ को उपधारा १ मा भएको धर्मनिरपेक्षता सम्वन्धि स्पष्टीकरण हटाईयोस ।

१८.संविधानको धारा २८५ को सरकारी सेवाको आरक्षणमा समानुपातिक समावेशीको सट्टा विद्यमान कानुनमा ब्यवस्था भए अनुसार वहिष्करणमा परेका समुदायको लागि मात्र हुने गरी संविधानको संसोधन गरियोस् ।

१९.नेपालको संविधानले राज्यको सवै अंग र निकायमा आदिवासी जनजाति महिलाहरुको कम्तिमा एक तिहाई सहभागिताको सुनिश्चितता गरेको छ । उक्त सहभागितामा महिलाहरुको सवै सामाजिक विविधतालाई सम्वोधन हुने गरी प्रतिनिधित्वको ब्यस्था गरियोस् ।

२०. नेपालको संविधान ५६को उपधारा ५ र २९५को उपधारा ३ बमोजिम निधारण गर्नु पर्नेमा गाँउपालिका र नगरपालिको मात्र संख्या निधार्रण गरी विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण नगरिएको हुनाले गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले सरकारलाई बुझाएको अपुरो र अधुरो प्रतिवेदन नेपाल आदिवासी जनजाति महासंघलाई स्वीकार्य नभएको हुनाले उक्त प्रतिवेदन कार्यन्वयन नगर्न र नगराउन नेपाल आदिवासी जनजाति महासंघ जोडदार माग गर्दछौं ।

..........................

**नित्या नन्द ताजपुरिया**
**महासचिव**